# विश्व न्याय गृह

रिज्वान २०१५

विश्वभरका बहाईहरू

अतिप्रिय मित्रहरू

१. रिज्वानको देदिप्यमान मौसम आइपुगेको छ, र अति महान नामको समुदाय जुन उचाईमा पुगेको छ त्यहाँबाट क्षितिजमा उज्ज्वल संभावनाहरू देखिएका छन् । एक विशाल भूमि पार गरिरहेको छ : नयाँ वृद्धि कार्यक्रमहरू देखापरेका छन्, र आगामी बाह्र महिनामा अरु सयौं निस्कन पर्नेछन्, पाँच वर्षे योजना लक्षित ५,००० पुग्नका लागि प्रत्येक क्लस्टरमा आवश्यक क्रियाकलापहरूको प्रारुपलाई कार्यान्वयन गर्ने प्रयासहरू प्रारम्भ भईसकेका छन् । विद्यमान कार्यक्रमहरू झन् झन् बलियो हुँदैछन् वृद्धि कार्यक्रमहरूले प्रभुधर्मले क्लस्टरभित्रका सामाजिक पृष्टभूमिमा कसरी प्रवेश गर्न सक्छ र त्यहाँका टोल तथा गाउँहरूलाई असर पार्न सक्ने भन्ने कुरा झन् स्पष्ट पार्न थालेका छन् । प्रलम्बित विस्तार तथा सुदृढीकरणको बाटोमा दरिलो पाइलाले हिंड्न थालिएको छ, सहासी युवाहरू नै उदाहरण बनेका छन् । प्रभुधर्मको समाज निर्माण गर्न सक्ने शक्ति विभिन्न पृष्टिभूमिमा प्रस्फुटित हुने मार्गहरू झन् झन् स्पष्ट हुँदैछन्, र कुनै कुनै क्लस्टरमा वृद्धि प्रक्रिया अझ बढी प्रष्ट पार्नका लागि आवश्यक निर्णायक प्रकृतिहरू क्रमैसँग देखिन थालेका छन् ।

२. यस कार्यको कार्यान्वयन र सहयोगको लागि बहाउल्लाहले प्रत्येक अनुयायीलाई आह्वान गर्नुभएको छ, र विश्वको दयनीय अवस्था अर्थात ती दुखदायी परिस्थितिहरू जसबाट कैयौं मानिसहरूले उद्धार पाउन सकेका छैनन्, त्यसलाई हेरेर दुःखी बनेको प्रत्येक हृदयबाट यस आह्वानले प्रत्युत्तर प्राप्त गर्ने छ । किनकि, अन्तमा योजनाको प्रारुप भित्र रहेर गरिने सुनियोजित, दृढ र निस्वार्थ सेवा नै त्यस अव्यवस्थित समाजको बढ्दै गइरहेको दूरावस्थाप्रति बहाउल्लाहको प्रत्येक चिन्तित धर्मावलम्बीको सबभन्दा सकरात्मक प्रत्युत्तर हो । गत एक वर्षको अवधीमा यो कुरा झन् स्पष्ट भएको छ कि विभिन्न देशहरूमा विभिन्न किसिमले जनताहरूलाई परम्परागत रुपले एकताको गाँठोमा बाँध्ने सामाजिक सम्मतिका आदर्शहरू बढ्दो मात्रामा जीर्ण र खिईएको अवस्थामा पुगेका छन् । असन्तुष्टि र मनमुटावबाट फाइदा लिने स्वार्थी, असहनशील र विषालु विचारधाराहरूको साम‌ु यस्ता आदर्शहरूले अब आफ्नो संरक्षणको व्यवस्था गर्न सक्दैनन् । द्वन्दपीडित विश्वको आत्म विश्वास दिन पर दिन घट्दै गएकोले, यस्ता घातक सिद्धान्तहरूका प्रस्तावकहरू झन् झन् शुरो र निर्लज्ज बन्दै गइरहेका छन् । हामी सर्वोच्च लेखनीबाट प्राप्त स्पष्ट फैसलालाई सम्झन्छौं : "तिनीहरू नारकीय आगोतिर लम्किरहेका छन् र त्यसलाई उज्यालो बत्ती हो भनि ठानेका छन् ।" राष्ट्रहरूका सयाशयी नेता तथा सदिक्षायुक्त जनमानस हाल समाजमा देखिएका विभेदहरूलाई मर्मत गर्ने प्रयास गरिरहेका छन् र तिनीहरूलाई अझ फैलनबाट रोक्न अशक्त देखिएका छन् । यसका प्रभावहरू सर्वदा द्वन्द वा व्यवस्थित परिपाटीको ह्रासमा मात्र देखिएका हैनन् । छिमेकी छिमेकी बीच अविश्वास पैदा गरेर झगडा गराउने, पारिवारिक संबन्ध

विच्छेद गराउने सामाजिक वार्तालापको रुपमा मतभिन्नता पैदा गर्ने, अकुलिन मानव प्रवृत्तिहरूलाई शक्ति प्राप्त गर्न वा अकुत सम्पत्ति बटुल्न सामान्य रुपले प्रयोग गर्ने-यी सबै कुराहरूमा समाजलाई नैतिक वल दिने आधारमा गंभिररुपले ह्रास आएको अचुक संकेतहरू देखापर्दछन् ।

३. तर यस विखण्डनको माझमा पनि मानव जातिमा निहित सबै स्वर्गीय गुणहरूलाई व्यवहारिक अभिव्यक्ति दिने एउटा नयाँ किसिमको सामुहिक जीवन पद्धतिको विकास भैरहेको छ भन्ने ज्ञानले ढुक्क पारेको छ । हामीले देखेका छौं, यसरी ती ठाउँहरूमा जहाँ शिक्षण कार्य र समुदाय निर्माण क्रियाकलापहरू कायम राखिएका छन्, कसरी मित्रहरूले आफ्नो जोसलाई मास्न सक्ने भौतिकवादका तत्वहरूको खतराबाट बचाई रहेका छन् । यति मात्र हैन, आफूसँग उपलब्ध समयमा गर्नुपर्ने अरु कामहरूलाई भ्याउनु पर्दा पनि आफ्नो समुदायका पवित्र र अति आवश्यक काम कहिल्यै पनि बिर्सिदैनन् । प्रभुधर्मका आवश्यकताहरू र मनुष्यजातिको सर्वोच्च भलाई प्रतिको यस्तो ध्यान प्रत्येक समुदायमा आवश्यक छ । जब पहिले नखुलेको क्लस्टरमा वृद्धि कार्यक्रम स्थापित गरिएको छ, त्यहाँ कुनै एक सक्रिय अनुयायीको बहाउल्लाहप्रतिको प्रेमका कारण शुरुका क्रियाकलापहरू देख्दछौं । समुदायको संख्या बढ्दैजाँदा अन्तमा धेरै किसिमका विषमताका क्रमहरूलाई समावेश गर्नुपर्ने हुन्छ, तर पनि सबै क्रियाकलापहरू यही सामान्य प्रेमको डोरीको सूतबाट शुरु भएको हुन्छ । यो त्यही सारभूत धागो हो जसबाट एक चक्र पछि अर्को हुँदै एउटा धैर्यपूर्ण र गहन प्रयासको प्रारुप तयार पारेर बालबालिका, युवा तथा वयस्कहरूलाई आध्यात्मिक विचारहरूसँग परिचित गराउने; प्रार्थना र भक्तिभाव कार्यक्रममा भेला गराएर पुजा अर्चनाप्रतिको भावनालाई हुर्काउने; सुझबुझ बढाउने किसिमका वार्तालापलाई प्रोत्साहित गर्ने; सृजनात्मक शब्दको अध्ययनलाई आजीवन कायम राख्ने र त्यसलाई कर्म क्षेत्रमा उतार्नेहरूको संख्या बढाउँदै लैजाने; अन्य कुराहरूको साथसाथै सेवा गर्न सक्ने क्षमता वृद्धि गर्ने; र सिकेका कुराहरू प्रयोग गर्ने काममा एक अर्कालाई साथ दिने । प्रिय मित्रहरू, आभा सौन्दर्यका प्रियपात्रहरू : हरेक पटक हामी उनको पवित्र संघारमा प्रस्तुत भएको बेलामा तपाईंहरूका लागि सभक्ति प्रार्थना गर्दछौं कि उनीप्रतिको तपाईंहरूको मायाले तपाईंहरूलाई आफ्नो जीवन उनको धर्मप्रति समर्पित गर्ने बल मिल्ने छ ।

४. विभिन्न क्लस्टरहरू तथा तिनीहरूभित्र हाल भैरहेका गहन क्रियाकलाप, जहाँ सामुदायिक जीवनको गतिशीलताहरूद्वारा जम्मा भएका ठूला जनसमुदायबाट प्राप्त अन्तरदृष्टिबारे विशेष उल्लेख गर्नु जरुरी छ । हामी यस कुरामा संतुष्ट छौं कि मित्रता र विनम्र सेवाको जगमा आधारित एउटा आपसी सहयोगको संस्कृति यस्ता ठाउँहरूमा स्थापित भएको छ कि झन् बढी संख्यामा आत्माहरूलाई समुदायहरूको सीमाभित्र समावेश गराइदैछ । साँच्चै नै झन् झन् बढी संख्याका परिस्थितिहरूमा बहाउल्लाहको नयाँ समाज निर्माण गर्ने परिकल्पनातर्फ अघि बढिरहेको जनसंख्या अब एउटा मोह पार्ने संभावना नभई एउटा नयाँ वास्तविकताको रुपमा देखिएको छ ।

५. हामी तपाईंहरूमध्ये ती व्यक्तिहरूलाई संवोधन गर्न चाहन्छौं जसको माझमा उल्लेखनीय प्रगति हुन बाँकी नै छ र परिवर्तनको चाहना विद्यमान छ । निराश नहुनुहोस् । सधै यस्तो अवस्था रहिरहने छैन । के हाम्रो धर्मको ईतिहासमा अशुभ शुरुवात भएर पनि भद्भुत नतीजामा परिणत भएका कैयौं घटनाहरू छैनन् र ? कति पटक केही धर्मावलम्वीहरू-जवान हुन् वा वृद्ध-वा एउटा परिवार वा एक्लो आत्माले दैवी सहायताबाट पुष्टि पाएर हेर्दाखेरी असहयोगी वातावरणमा समेत कैयौं गतिशील समुदायहरूको

विकास गरेनन् र ?  तपाईंको परिस्थिति खास फरक छ भन्ने विचार नगर्नोस् ।  क्लस्टरमा आउने परिवर्तन, छिटो होओस् वा कठोर संघर्षद्वारा प्राप्त भएको होओस्, ती कुनै सैद्धान्तिक सूत्र वा अनियमित क्रियाकलापबाट प्राप्त हुने हैन; बरु, यो कर्म, चिन्तन र विचार विमर्शको तालवद्ध समन्वयबाट मात्र अघि बढ्दछ र अनुभवमा आधारित योजनाद्वारा अगाडि घचेटिन्छ ।  यसभन्दा पनि बढी यसको तात्कालिक प्रभाव जस्तो भए पनि प्रियपात्रको सेवा आफैमा आत्माको लागि परम हर्षको स्रोत हो । प्रभु धर्मको झूला आफ्ना आध्यात्मिक आफन्तहरूको उदाहरणबाट हौसला प्राप्त गर्नुहोस्, कसरी उनीहरूको सकरात्मक भावना, एउटै समुदायको रुपमा तिनीहरूको सहनशीलता, र दिव्य शब्दको प्रवर्धनमा तिनीहरूको दृढताले गर्दा तिनीहरूको समाजमा विचार र कर्मको स्तरमा परिवर्तन ल्याएका छन् ।  ईश्वर तपाईंहरूको साथमा छन्, तपाईंहरू प्रत्येकको साथमा ।  योजनाको बाँकी बाह्र महिनामा प्रत्येक समुदाय हालको स्थितिबाट अझ बलियो अवस्थामा पुगोस् ।

६. विस्तार र सुदृढीकरणको अति महत्वपूर्ण कामले त्यस मजबूत आधारशीला खडा गर्दछ जसद्वारा बहाईहरूका प्रयासहरू अरु कैयौं क्षेत्रहरूमा पनि लगाउनु पर्ने छ ।  बहाई विश्व केन्द्रमा परम अमूल्य उत्तरदानको रुपमा रहेको हजारौं धर्मपत्रहरू अर्थात हाम्रो धर्मका पवित्र लेखनीहरू समस्त मानवजातिका लागि जिम्मेवारीका रुपमा रहिरहेकालाई बढी जोडतोडकासाथ व्यवस्थित ढंगले तालिका र सूचिपत्र तैयार गर्ने काम भैरहेको छ-ताकि पवित्र लेखनीका पुस्तकहरू, लेखिएका भाषामा र अंग्रेजी अनुवादमा सकेसम्म छिटो प्रकाशित गर्न सकियोस् भनेर ।  आठओटा मश्रिकुल-अद्धकरहरू अर्थात प्रभु ईश्वरको प्रशंसा गर्ने पवित्र मन्दिरहरू छिटो छिटो स्थापना गर्ने प्रयास भैरहेको छ ।  राष्ट्रिय स्तरमा वाह्य सम्बन्ध सम्बन्धि काम निक्कै नै प्रभावकारी ढङ्गले अघि बढेको छ र बढी सुनियोजित बनेको छ, ६ महिना अघि राष्ट्रिय आध्यात्मिक सभाहरूका लागि तैयार गरिएको पत्र गत दशकका उल्लेखनीय अनुभवहरूमा आधारित छ र यी प्रयासहरूलाई विस्तारित रुपमा विकास गर्ने आधारहरू प्रदान गरिएका छन् ।  यस बीचमा बहाई अन्तर्राष्ट्रिय समुदायका लागि दुईटा नयाँ कार्यालयहरू, न्यूयोर्क र जेनेभामा अवस्थित सुंयुक्त राष्ट्रसंघको कार्यालय र यसको ब्रसल्सस्थित कार्यालय जस्तै अदिस् अबाबा र जकार्तामा कार्यालयहरू स्थापना गरिएका छन्, यसो गर्नुको कारण अन्तर्राष्ट्रिय स्तरमा प्रभुधर्मका वर्तमान परिपेक्षलाई ध्यानमा राखी अफ्रिका र एसियामा नयाँ सम्भावनाहरू विस्तार गर्नु हो ।  धेरैजसो वृद्धिबाट पैदा भएका आवश्यकताहरूका कारण केही राष्ट्रिय आध्यात्मिक सभाहरूले आफ्नो प्रशासनिक क्षमताको विकास गर्दैछन्, आफूसँग उपलब्ध स्रोतसाधनलाई ध्यानपूर्बक संचालन गर्दै, आफ्ना समुदायहरूको परिस्थितिसँग आत्मिय रुपले परिचित हुँदै, र आफ्ना राष्ट्रिय कार्यालयहरूको संचालन झन् झन् बलियो गरिंदैछ भन्ने कुरामा सचेत रहेर; यस क्षेत्रमा संकलन भएको ज्ञानको उल्लेखनीय भण्डारलाई सुनियोजित गर्नु पर्ने आवश्यकतालाई महसूस गरेर विश्व केन्द्रमा प्रशासनिक प्रणालीहरूको विकास कार्यालय स्थापित गरिएको छ ।  सामाजिक कार्यको क्षेत्रमा विभिन्न विकासका प्रयासहरू थुप्रै देशहरूमा कैयौं गुणा बढ्दै गएका छन्, पवित्र संदेशहरू भित्रका ज्ञानलाई सामाजिक तथा आर्थिक परिस्थितिहरूलाई सुधार्नको लागि कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा धेरै नै सिक्न सकिने भएको छ; यो क्षेत्र यति आशाजनक छ कि हामीले सामाजिक तथा आर्थिक विकास कार्यालयका लागि एउटा सात सदसीय अन्तर्राष्ट्रिय परामर्श समिति गठन गरेका छौं, यसरी हामीले यस कार्यालयको विकासको आगामी चरणलाई प्रस्तुत गरेका छौं ।  यस समितिका तीन सदस्य त्यस कार्यालयको संयोजन टोलीको रुपमा काम गर्नेछन् र पवित्र भूमिमै बस्नेछन् ।

७. तब यस रिज्वानमा, जब कि हामीले धेरै कुराहरू गर्न बाँकी देखेका छौं, हामीले सो काम गर्न धेरै जना तैयार भएको पनि देखेका छौं ।  हजारौं क्लस्टरहरूमा, टोल-छिमेक र गाउँहरूमा, भक्ति र आश्वासनका ताजा मुहानहरू बगिरहेका छन्, त्यस्का व्युँताउने जलले छोएकाहरूका आत्मालाई प्रफुल्लित पार्दैछन् ।  कुनै कुनै ठाउँहरूमा एउटा खोला सरह बगिरहेछ कुनै ठाउँमा नदी बनिसकेको छ ।  कुनै पनि आत्माका लागि अहिले नदीको किनारमा बसिरहने बेला छैन-बरु अघि बढिरहेको लहरसँग सबैसाथ लागुन् ।

विश्व न्याय गृह